# सल्लेरी च्यालसा विद्युत कम्पनी लिमिटेड
# SALLERI CHIALSA ELECTRICITY CO.LTD. (SCECO)


मिति : २०७७।०३।१५

## विद्युत महशूल संकलन सम्वन्धी सूचना

विश्वव्यापी माहामारीको रुपमा फैलिएको COVID-19 (कोरोना भाईरस) को कारणले गर्दा विद्युत महशुल संकलन, नयां विद्युत जडान, विद्युत तह परिवर्तन बन्द गरिएको थियो । उक्त बन्द गरिएको सम्पूर्ण कामहरु २०७७ साल आषाढ १ गतेदेखि खुल्ला गरिएको जानकारी विद्युत उपभोक्ता महानुभावहरुलाई गराउन चाहन्छौं । माथि उल्लेखित कामहरु गर्दा र विद्युत महशूल तिर्न आउनु हुंदा सामाजिक दुरी कायम गरी विद्युत महशूल तिर्न हुन सम्पूर्ण उपभोक्ता महानुभावहरुमा हार्दिक अनुरोध गर्दछौं । विद्युत महशूलमा २०७६ साल चैत्र १ गतेदेखि लाग्ने ढिलाई दस्तुर २०७७ साल आषाढ १५ गतेसम्म नलाग्ने जानकारी गराईएकोमा सो व्यवस्थालाई २०७७ साल आषाढ ३१ गतेसम्म थप गरिएको जानकारी गराउदछौं ।

२०७७ साल श्रावण १ गतेदेखि बुझि लिने विद्युत महशूलमा २०७७ साल आषाढ, जेष्ठ, वैशाख महिना र २०७६ साल चैत्र र सो भन्दा अगाडिका महिनाहरुको विद्युत महशूलमा लाग्ने ढिलाई दस्तुरमा कुनै छुट नहुने जानकारी गराउँदछौं । साथै २०७७ साल आषाढ १६ गतेदेखि विद्युत महशूल संकलन साबिकको समयमा ( सार्वजानिक बिदाको दिन बाहेक अन्य दिन आइतबार देखि बिहिबार १०:०० बजे देखि ३:०० बजेसम्म र शुकाबार १०:०० बजेदेखि २:०० सम्म) अनुसार नै हुनेछ ।

पुनश्च :

१. विद्युत महशूल सम्वन्धी कुनै गुनासो भएमा कार्यालयमा उपलब्ध फाराम भरि निवेदन दिनु हुन अनुरोध छ । सो निवेदनको आवश्यक छानबिन गरी निवेदन दिएको २ दिन भित्र आवश्यक जानकारी गराइनेछ ।

२. COVID-19 (कोरोना भाईरस) को सम्भावित संक्रमणबाट बच्न आवश्यक सुरक्षा अपनाई कार्य गर्नुपर्ने हुँदा महशूल बुझि लिने कार्य साविकको भन्दा केहि ढिला हुनसक्नें हुँदा धैर्यतापूर्वक प्रतिक्ष गरिदिनु हुन यस कम्पनी अनुरोध गर्दछ ।

३ COVID-19 (कोरोना भाईरस) को सम्भावित संक्रमणबाट बच्न र अरुलाई बचाउन नेपाल सरकार र सम्वन्धित आधिकारिक निकायद्वारा जारी गरिएको सावधानीका उपायहरु अवलम्वन गर्नुहुन पनि कम्पनी हार्दिक अनुरोध गर्दछ ।

सल्लेरी च्यालसा विद्युत कम्पनी लिमिटेड (स्केको)


Head Office: SCECO Dudhakunda Municipality-5 Salleri Solukhumbu, Nepal.
Phone number: 038-520210, 038-520220, Fax: 977-038-520260
E-mail: sceco@ntc.net.np, sceco@wlink.com.np, P.O.Box 1217 Kathmandu Nepal